मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : २४८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० साउन १० गते बुधबार (Wednesday, July 26. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

अमेरिका लैजाने भन्दै...

काठमाडौँ, साउन ५। मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा कास्की पोखरा महानगरपालिका-२७ घर भई हाल काठमाडौं महानगरपालिका-८ गुहेश्वरी पञ्चकन्या मार्ग डेरा गरी बस्ने ३४ वर्षीय कमल तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

सुन्दर भविष्य र सुविधासम्पन्न जीवनशैली उपलब्ध हुने लोभ लालच र भ्रममा पारी अवैधानिक बाटो हुँदै अमेरिका लगिदिने भनी पीडितहरुलाई अन्यत्र देशमा

(बाँकी अन्तिम पृष्ठमा)

डुबेर वार्षिक ३९६ जनाको मृत्यु

झापा, साउन ५। नेपालमा वार्षिक औसतमा ३९६ जनाको पानीमा डुबेर ज्यान जाने गरेको छ।

जसमध्ये ५३.७ प्रतिशत २५ वर्षमुनिको समूहमा हुने गरेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकमा छ।

प्राधिकरणका अनुसार अधिकांश घटना पौडी खेल्ने क्रममा, नुहाउने क्रममा, खोला/नदी तर्ने क्रममा एवं आत्महत्याका कारण हुने गरेको छ। नेपालमा असारदेखि असोज महिनामा पानीमा डुबेर वा पानीजन्य विपत्का कारण धेरैको ज्यान जाने गरेको छ।

पानीमा डुब्नबाट रोकथामका लागि विश्व दिवसका अवसरमा राजधानीमा मंगलबार आयोजित डुबी हुने मृत्युको अवस्था एवम् प्रभावकारी रोकथामका उपायहरुबारे छलफल कार्यक्रमका सहभागीहरुले पानीमा डुबेर हुने मृत्युलगायत घटना रोकथामका लागि जनचेतनामा जोड दिनुपर्ने आवश्यकता औंल्याएका छन्।

कार्यक्रममा नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक डम्बरबहादुर विकले स्थानीय तहहरुले बजेटको सानो हिस्सा भए पनि छुट्याएर जनचेतनाको कार्यक्रमहरु गर्दा पानीमा डुबेर हुने मृत्युलगायत घटना न्यूनीकरण गर्न मद्दत मिल्ने धारणा राखे।

यसैबीच विश्व स्वास्थ्य संगठनको नेपाल कार्यालयका डा. केदार मरहट्टाले लुप्त तर धेरै नै मानवीय क्षति गर्ने समस्या भएकाले प्रभावकारी जनचेतना हुन सक्दा बालबालिकाको डुबेर हुने मृत्युलाई ८० प्रतिशतसम्म रोक्न सकिने दाबी गरे। सशस्त्र प्रहरी नायब उपरीक्षक पुरुषोत्तम भण्डारीले सडक दुर्घटनासँगै नदीमा खस्ने र डुबेर मृत्यु हुने घटना पनि बढेको तथ्यांक राख्दै हाल देशका आठ स्थानमा उपकरणसहित गोताखोर जनशक्ति राखिएको जानकारी पनि दिए।

युनिसेफका आपतकालीन विज्ञ सुनीता कायस्थले पानीबाट सुरक्षित हुने आधारभूत जानकारी हुँदा पनि बालबालिकालाई सुरक्षित राख्न सकिने दाबी गरिन्। नेपाल रेडक्रस सोसाइटीको जनशक्ति विकास विभागका प्रमुख कृष्ण घिमिरेले पानीमा डुबेका व्यक्तिलाई जोगाउन प्राथमिक उपचारसम्बन्धी ज्ञान महत्त्वपूर्ण हुने उल्लेख गरे।

नेपाल पौडी संघका सचिव एवम् राष्ट्रिय पौडी प्रशिक्षक ईश्वर कार्कीले पौडी खेल्ने सीप हासिल गर्दा पानीमा परिहाले पनि उत्रन सकिने धारणा राख्दै पौडिन

(बाँकी अन्तिम पृष्ठमा)

बिनाजाँच पशुपन्छी ओसारपसार

यसरी लोभिन्छन् पशु चिकित्सक, सशस्त्रले नियन्त्रणमा लियो कुखुरा र जीप

विनोद सापकोटा

झापा, साउन ५। सशस्त्र प्रहरीले सुनसरीको इनरुवाबाट भारतीय प्रतिबन्धित ब्रोइलर कुखुरा बरामद गरेको छ। मंगलबार बिहान साढे ४ बजे सशस्त्र प्रहरीको इनरुवास्थित ४ नम्बर गणका प्रमुख डीएसपी प्रेम सिग्देल नेतृत्वको टोलीले 'बोलेरो' जिपसहित जिउँदो कुखुरा बरामद गरेको हो।

मधेस प्रदेशको सिराहाबाट झापाको दमकतर्फ ल्याउँदै गरेको 'ब्रोइलर' कुखुरा पूर्वपश्चिम महेन्द्र राजमार्गको इनरुवा सडकखण्डबाट बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक अञ्जनीकुमार पोखेलले जानकारी दिए। उनका अनुसार स १ च १६८४ नम्बरको 'बोलेरो' र त्यसमा रहेको ४०० भारतीय जिउँदो ब्रोइलर कुखुरा बरामद भएको हो।

प्रतिबन्धित कुखुरा र माछा आयातमा कोशी प्रदेशमा प्रहरीले कडाइ गरेपछि तस्करले मधेशप्रदेशका नाकाबाट भारतीय प्रतिबन्धित कुखुरा नेपाल भित्र्याउने गरेका छन्। मधेशसमा भारतबाट भित्र्याइएका कुखुरा कोशी प्रदेशमा अबैध ढंगबाट तस्करले ल्याउने गरेका छन्। जिल्ला कुखुरा व्यवसायी संघ सुनसरीका अध्यक्ष डाक्टर राजकुमार यादवले तस्करले नेपालका विचौलिया संगको मिलेमतोमा सुनसरीको कोशी व्यारेज र चतराको कोशी पुलबाट प्रहरीको आँखा छलेर कोशी प्रदेशका विभिन्न शहरमा पुऱ्याउने गरेको बताए। 'दैनिक १०देखि १५ वटा गाडीले प्रतिबन्धित जिउँदो कुखुरा कोशीका दुईवटा पुल प्रयोग गरेर सुनसरी, मोङ र झापाको दमकसम्म लैजाने गरेका छन्'- अध्यक्षले भने।

सशस्त्र प्रहरीका डीएसपी सिग्देलले सिराहाका पशु चिकित्सक जगतनारायण यादवले बरामद गरिएका कुखुराको निरोगिताको प्रमाण-पत्र जारी गरेको बताए। डा. यादवले नेपाल भेटेरिनरी काउन्सिलबाट २८४ नम्बरको सदस्यता लिएको भेटेरिनरी पेपरमा उल्लेख भएको पनि उनले जानकारी दिए।

चिकित्सकले खोरमा गएर कुखुराको स्वास्थ्य र जात छुट्याएर बस्तुको प्रमाणित गर्नुपर्छ। तर, भारतीय कुखुरालाई नेपालमा बैधता दिन डा. यादवले फिल्डमै नपुगी बरामद भएको कुखुराको भेट्नरी प्रमाण पत्र जारी गरेका छन्। उनले जारी गरेको प्रमाण-पत्रमा 'कव ५००' उल्लेख छ। तर, इनरुवा नगरपालिकाका पशु चिकित्सक डा. राजकुमार यादवले बरामद भएको कुखुरा भारतीय जात 'कव ४००' भएको दावी गरेका छन्। उनले भने- 'बरामद भएको कुखुरा नेपालमा नपाइने जात हो, यो भारतीय जात हो।'

यता, डा. जगतनारायण यादवले फिल्डमा नपुगी कुखुराको भेटेरिनरी प्रमाण-पत्र भुलबस जारी भएको स्वीकार गरेका छन्। बरामद गरिएका कुखुराको झुटो विवरण दिने डा. यादवले भने- 'मैले कुखुराको स्थलगत जाँच गरेको होइन। सिराहाको जय कृष्ण ट्रेडर्सले मेरा नाममा काउन्सिलबाट जारी भएको भेटेरिनरी प्रमाण-पत्रको दुरुपयोग गरेका रहेछन्। प्रतिबन्धित भारतीय कुखुरा दमकका कुखुरा व्यवसायी कुलवहादुर तामाङलाई पठाएको थाह पाएँ'- उनले भने- भेटनरी प्रमाणमा अगाडि मैले हस्ताक्षर गरेको थिएँ। त्यही हस्ताक्षरलाई दुरुपयोग गरेर जय कृष्ण ट्रेडर्सले दमकका व्यवसायीलाई बिक्री गरेका रहेछन्।'

यता पशु क्वारेन्टाइन सुनसरीका प्रमुख डा. सरिलाल चौधरीले कुखुराको जाँच नगरी भेटेरिनरी कागज दिने डा. जगतनारायण यादवलाई कार्वाहीका लागि भेटेरिनरी काउन्सिलमा सिफारिस गर्ने बताए। बरामद गरिएका कुखुरा पशु क्वारेन्टाइनमा र 'बोलेरो' जिप भने भन्सार कार्यालय बुझाइने र त्यसको बजार मूल्य ५ लाख पर्ने प्रहरीले जनाएको छ।

झापाका ५५ उम्मेदवार कारवाहीमा

झापा, साउन ५। निर्वाचनको खर्च बिवरण नबुझाउने झापाका ५५ उम्मेदवार कारवाहीमा पर्ने भएका छन्।

गतवर्षको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन उम्मेद्वार बनेका मध्ये ५५ जनाले खर्च विवरण सार्वजनिक नगर्दा उनीहरु निर्वाचन आयोगले कारबाहीको तयारी गरेको हो। उनीहरुलाई जनही १५ हजार रुपैयाँका दरले कारवाही गर्न लागिएको सार्वजनिक सूचना जारी गर्दै निर्वाचन आयोगले जनाएको छ।

देशभरबाट प्रतिनिधिसभातर्फ १ हजार ३७ जना र प्रदेशसभातर्फ १ हजार ३ सय ९८ जना उम्मेदवारलाई खर्च विवरण नबुझाएको भन्दै कारबाही गर्न लागेको हो। प्रतिनिधिसभा र प्रदेशसभातर्फ गरी जम्मा २ हजार ४ सय ३५ जनालाई आयोगले १५/१५ हजारका दरले जरिवाना तिर्न निर्देशन दिएको छ। साथै सात दिनभित्र खर्च विवरण बुझाउन पनि आयोगले निर्देशन दिएको छ।

योसंगै खर्च विवरण बुझाउनेहरूको पनि नामावली आयोगले सार्वजनिक गरेको छ। हालसम्म प्रतिनिधिसभाका २ हजार ३ सय ७३ जना र प्रदेशसभाका ५ हजार ५ सय ६१ जना उम्मेदवारले मात्रै खर्च विवरण बुझाएको पनि आयोगले जनाएको छ। नेपाली कांग्रेसका गगन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीकी सोविता गौतम, माओवादी केन्द्रकी ओनसरी घर्तीसहितका सांसदहरूको नाम पनि खर्च विवरण नबुझाउनेहरूको सूचीमा छ।

यस्तै ७४ जना उम्मेदवारहरूसँग निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ। जसअन्तर्गत प्रतिनिधिसभा निर्वाचनका ३७ उम्मेदवार र प्रदेशसभा अन्तर्गत ३७ उम्मेदवारलाई स्पष्टीकरण सोधेको हो।

दुर्घटनामा एक जनाको मृत्यु, १३ घाइते

झापा, साउन ५। झापाको बिर्तामोडबाट फिदिमतर्फ जाँदै गरेको मे१ज १९४१ नम्बरको ट्याक्सी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने ट्याक्सीमा सवार १३ जना घाइते भएका छन्।

दुर्घटनामा परी ज्यान गुमाउनेको पहिचान भने खुल्न सकेको छैन। पाँचथरको फिदिम नगरपालिका-२ कृष्ण मन्दिर नजिकै ट्याक्सी अनियन्त्रित भई सडकबाट करिब दुई सय मिटर तल खसेको प्रहरीले जनाएको छ।

दुर्घटनामा परी इलामको दानाबारीका २६ वर्षीय अर्जुन विक, ताप्लेजुङको पाथीभरा याङवरक गाउँपालिका-१ का २३ वर्षीय बुद्धहाङ लिम्बू, ताप्लेजुङको मिक्वाखोला गाउँपालिका-५ पापुङका

(बाँकी अन्तिम पृष्ठमा)

सम्बन्धविच्छेदका घटना ५ गुणाले बढे

झापा, साउन ५। नेपालमा १० वर्षको अवधिमा सम्बन्धविच्छेदका घटना झण्डै ५ गुणाले वृद्धि भएका छन्।

सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन अनुसार २०६८/६९ मा तीनै तहका अदालतमा सम्बन्धविच्छेदका मुद्दा ७ हजार ७ सय ४ वटा रहेकामा २०७८/०७९मा ३७ हजार ४ सय ३४ पुगेका हुन्। कानूनमा भएको विभेद, महिला हिंसा, परस्परको अविश्वासलगायतका कारण सम्बन्ध विच्छेदमा वृद्धि भइरहेको कानूनका जानकारको विश्लेषण छ।

सर्वोच्च अदालतको तथ्यांक अनुसार १० वर्षमा सम्बन्धविच्छेदका मुद्दा झण्डै ५ गुणाले बढेका छन्। आर्थिक वर्ष २०६८/०६९ मा तीनै तहका अदालतमा ७ हजार ७ सय ४ मुद्दा दर्ता भएकामा २०७८/०७९मा ३७ हजार ४ सय ३४ पुगेका छन्। अघिल्लो वर्ष अर्थात् २०७७/०७८मा यो संख्या २७ हजार ४ सय २५ थियो। यीमध्ये बढी मुद्दा जिल्ला अदालतमा दर्ता भएका छन्।

सर्वोच्च अदालतको पछिल्लो प्रतिवेदन अनुसार सम्बन्धविच्छेद अंशवण्डा र लेनेदनका मुद्दा धेरै परेका छन्। अंशवण्डाका ३५

(बाँकी अन्तिम पृष्ठमा)

निर्माण व्यवसायी संघ झापाले बुझायो ज्ञापन-पत्र

झापा, साउन ५। नेपाल निर्माण व्यवसायी संघ झापाले जिल्ला प्रशासन कार्यालयमा अल्टिमेटमसहितको ज्ञापन- पत्र बुझाएको छ।

निर्माण व्यवसायी संघ झापाका अध्यक्ष मिलन बस्नेतको नेतृत्वमा गएको टोलीले मंगलबार झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेललाई सो ज्ञापनपत्र बुझाएको हो।

महासंघको पूर्वघोषित आन्दोलनका कार्यक्रम अनुसार प्रशासन कार्यालयलाई अल्टिमेटमसहितको ज्ञापनपत्र बुझाएको अध्यक्ष बस्नेतले बताए।

सबै निर्माण कार्यको भुक्तानी हुनुपर्ने, सरकारबाट जारी म्याद थपको आदेशमा संशोधन गरी सम्पूर्ण आयोजनाहरूको एकमुष्ट रूपले म्याद थप गर्न पुनः आदेश जारी गर्नुपर्ने, रुग्ण आयोजनाहरू, अन्योलग्रस्त र बजेट नभई काम हुन नसक्ने एवम् काबु बाहिरका निर्माण कार्य सुबिस्तारको आधारमा अन्त्य गर्नुपर्ने, अत्यधिक र अप्रत्याशित रूपले भएको मूल्यवृद्धिलाई सम्बोधन हुने गरी मूल्य समायोजन हुनुपर्ने, चेक बाउन्स र बैंक ग्यारेन्टी जफत गर्ने लगायतका कारबाही रोकिनुपर्ने, बिमा प्रिमियम दरमा भएको वृद्धिलाई खारेज गर्नुपर्ने लगायतका ९ बुँदे माग राख्दै महासंघ थप आन्दोलित बनेको हो।

महासंघको आन्दोलनका कार्यक्रम अनुसार प्रदेश महासंघले मुख्यमन्त्री र ७७ वटै जिल्ला प्रशासन कार्यालयमा अल्टिमेटमसहितको ज्ञापन पत्र बुझाउने काम भएको छ।

साउन १० देखि १३ गतेसम्म विभिन्न राजनीतिक दलका प्रमुख र सम्बन्धित संघीय सरकारी निकाय, प्रदेश र राजनीतिक निकायमा आफ्ना मागहरूको सम्बन्धमा जानकारी गराउने, साउन १४ गते महासंघले सार्वजनिक खरिद अनुगमन कार्यालयमा एक घण्टा धर्ना दिने, १४ गते नै ७ वटै प्रदेशका मुख्यमन्त्रीको कार्यालयअघि धर्ना दिने, साउन १५ गते प्रधानमन्त्री निवासअघि एक घण्टा धर्ना दिने र साउन १६ गते निर्माण उपकरणसहित संघीय राजधानी केन्द्रित प्रदर्शन गर्ने कार्यक्रम महासंघले तय गरेको छ।

नरबहादुर कर्माचार्यको स्मृति दिवस

चारपाने, साउन ५। नेकपाका संस्थापक नेता नरबहादुर कर्माचार्यको १०औं स्मृति दिवस झापाको बिर्तामोडमा मनाइएको छ।

नरबहादुर कर्माचार्य मोमोरियल फाउण्डेशन (एनबिके) बिर्तामोड-२को आयोजनामा मंगलबार प्रतिष्ठानमा स्मृति दिवस मनाइएको हो।

स्व.नेता कर्माचार्यको तस्वीरमा माल्यापर्ण गरी उनले समाज रुपान्तरणका लागि खेलेको महत्वपूर्ण भूमिका तथा योगदानको चर्चा गर्दै एनबिकेले १०औं स्मृति दिवस मनाएको हो। प्रतिष्ठानका अध्यक्ष ज्योतिसिंह दर्लामीको अध्यक्षतामा भएको स्मृतिसभा कार्यक्रममा कोशी प्रदेश सांसद तथा पूर्व भौतिक पूर्वाधारमन्त्री दुर्गा चापागाँईको प्रमुख आतिथ्य रहेको थियो।

कार्यक्रममा स्वागत तथा एनबिके टेक्निकल कलेजको बिषयमा प्रशिक्षक सुधिर दासले प्रकाश पारेका थिए। कार्यक्रममा प्रमुख अतिथि चापागाँई, प्रतिष्ठानका सल्लाहकार तथा प्रदेशका पूर्व कृषिमन्त्री झलकसिंह दर्लामी, संबिधानसभा सदस्य तथा नेकपा (माओवादी केन्द्र) झापा सचिव मोहन टुडू (सरोज) लगायतले संस्थापक नेता कर्माचार्यको योगदानको चर्चा गरेका थिए।

प्रतिष्ठानका अध्यक्ष ज्योतिसिंहले नेता कर्माचार्यको जीवनीको चर्चा गरेको कार्यक्रमको सञ्चालन एनबिकेका सहायक प्रिन्सिपल बिष्णु चुडालले गरेका थिए।

कार्यक्रममा प्रतिष्ठानका सञ्चालक समिति सदस्य तथा नेकपा माओवादी केन्द्र बिर्तामोड नगर उपाध्यक्ष जेबी जबेगू, पार्टीका नगर उपाध्यक्ष कमलप्रसाद कडरिया, सचिव गणेश कालिकोटे, पार्टीको प्रदेश निर्वाचन क्षेत्र नं. २ (१) का संयोजक प्रकाश भट्टराई, शिक्षक, बिद्यार्थीलगायतको उपस्थिति रहेको थियो।

प्रतिष्ठानले तीन बर्ष अघिदेखि सीटीइभिटीसँगको साझेदारीमा प्राविधिक शिक्षा अन्तर्गत बाली बिज्ञान, पशु विज्ञान, बन बिज्ञान र होटल म्यानेजमेन्ट बिषयमा अध्यापन गराउँदै आएको छ।

३ वर्ष भर्ना खुल्यो!
कोशी प्रदेशमा उत्कृष्ट नतिजा ल्याउन सफल
SEE पछिको उत्कृष्ट गन्तब्य
Diploma in Civil Engineering
Diploma in HydroPower Engineering
फारम वितरण : २०८० अषाढ २५ गतेदेखि।
फारम बुझाउने अन्तिम मिति : २०८० श्रावण १२ गतेसम्म
प्रवेश परीक्षा : २०८० श्रावण २४ गते (समय : बिहान ८:00 बजेदेखि)
स्थान: मोहनमाया माध्यमिक विद्यालय, बिर्तामोड-२, झापा
प्रवेश परीक्षाका लागि न्युनतम शैक्षिक योग्यता
प्रवेशिका वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिई १.६ जि.पि.ए प्राप्त वा TSLC/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको।
मोहनमाया माध्यमिक विद्यालय
बिर्तामोड न.पा.-२, झापा
सम्पर्क: ०२३-५४३६५२, ५८४२७१४३५५
५८६२६५८३२५, ५८०८५०७६१३, ५८४५४५००७७, ५८४२६८४३५१, ५८०३४७०१६०, ५८४२७०४७३४
mohanmaya.edu.np, mmohanmaya@gmail.com, facebook.com/mohanmayamavi

भदौ ७ मा 'महानगर'

चलचित्र 'महानगर' (वान् नाइट इन् काठमाडौं)भदौ ८ मा प्रदर्शनमा आउने भएको छ। एक साँझ दुई अपरिचित व्यक्तिको अनायस हुने भेट र त्यसपछिको घट्नाक्रमलाई लिएर लिएर बनेको चलचित्रमा कर्मा र मेनुका प्रधानको मुख्य भूमिका रहेको छ।

मोहन राईको लेखन तथा निर्देशन रहेको 'महानगर' सन् २०२१मा कोलकाता अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा विश्व प्रिमियर भएको थियो।

यो चलचित्र अमेरिकाको ब्रकलिन फिल्म फेस्टिभल, नेपाल अमेरिका अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल, वासिङ्गटन डीसी साउथ एसियन फिल्म फेस्टिभल, स्पेनको एसियन फिल्म फेस्टिभल बार्सिलोना, नेपालको पामे अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल र नेपाल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल (निफ)मा अफिसियल स्क्रिनिङ्ग भइसकेको छ। साथै इण्डस भ्याली इन्टरनेश्नल फिल्म फेस्टिभल तथा हालै भारतको जागरण फिल्म फेस्टिभलमा पनि 'महानगर' छनौट भएको छ।

चलचित्रले विभिन्न अन्तर्राष्ट्रिय अवार्डहरु पनि जितिसकेको छ। इण्डस भ्याली इन्टरनेशनल फिल्म फेस्टिभलमा चलचित्रले 'मोस्ट इन्सिपिरेसनल थिम' अवार्ड तथा कर्माले अभिनयका लागि स्पेशल जुरी मेन्सन अवार्ड

प्राप्त गरेका थिए।

माउन्टेन रिभर फिल्मस् तथा गो विन् प्रोडक्सन्ससँगको सहकार्यमा मिडल-वे फिल्मसले निर्माण गरेको चलचित्रमा नरेन्द्र मैनालीको छायांकन, परिक्षित झाको सम्पादन, किशोर आचार्यको ध्वनि सम्पादन तथा पुष्पा संगमको संगीत रहेको छ। चलचित्रको कार्यकारी निर्माता गोविन्द पराजुली हुन् भने क्रियटिभ निर्माता नवनिधि दाहाल रहेका छन्।

कोशी प्रदेशः सरकार गठनविरूद्धको रिट सुनुवाइ बुधबार हुने

विराटनगर, साउन ५। कोशी प्रदेश सरकार गठन असंवैधानिक भएको भन्ने प्रश्न उठाउँदै दायर गरिएको रिट निवेदनमाथिको सुनुवाइ पूर्ण इजलासमा हुने भएको छ।

न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई र तिलप्रसाद श्रेष्ठको पूर्ण इजलासमा आज सुनुवाइ हुँदाहुँदै समय नपुगेपछि बुधबारका लागि हेर्दाहिर्दैमा राखिएको हो।

न्यायाधीशद्वय सुष्मालता माथेमा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले सोमबार उक्त रिटमाथिको सुनुवाइ पूर्ण इजलासबाट हुने आदेश दिएको थियो।

कोशी प्रदेशमा मुख्यमन्त्री नियुक्ति प्रक्रिया असंवैधानिक भएको उल्लेख गर्दै गत असार २२ गते निर्वतमान मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए।

उक्त रिटमाथिको प्रारम्भिक सुनुवाइ गर्दै गत असार २७ गते न्यायाधीश सपनाप्रधान मल्लको एकल इजलासले कोशी प्रदेश सरकारका नाममा दूरगामी असर पर्ने गरी काम नगर्न र लिखित जवाफ पेश गर्न आदेश गरेको थियो।

लागूऔषधसहित पाँच जना पक्राउ

बिराटनगर, साउन ५। मोरङ र झापाका छुट्टाछुट्टै स्थानहरुबाट लागूऔषधसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

बिराटनगर महानगरपालिका-१६ हुलास चौकमा भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री झापाको कमल गाउँपालिका-६का विवेक ग्वालालाई शंकास्पद अवस्थामा फेला पारी चेकँजाच गर्दा उनको साथबाट लुपिजेशिक, एभिल, फेनारागन र डाइजेपाम गरी जम्मा २६ एम्पुल लागूऔषधि फेला पारी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

यसैगरी इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले मोरङको पथरीशनिश्चरे नगरपालिका-१ रत्नचोकबाट स्थानीय २१ बर्षीय शैलेस गुरुङलाई शंका लागी चेकजाँच गर्दा निजको साथबाट १ ग्राम १ सय मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो।

यसका साथै लागूऔषध नियन्त्रण व्युरो काँकरभिट्टाबाट विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले झापाको बिर्तामोड नगरपालिका-४ भद्रपुररोड बाट १ ग्राम १ सय मिलिग्राम लागूऔषध ब्राउन सुगरसहित स्थानीय २५ बर्षीय रवि चौधरी, १९ बर्षीय प्रियान्स साह र २४ बर्षीय विशाल बिकलाई ब्राउन सुगरसहित नियन्त्रणमा लिएको छ। पक्राउ परेका उनीहरुको सम्बन्धित प्रहरी कार्यालयबाट आवश्यक कानूनी कारबाही प्रक्रिया भइरहेको छ।

जुवातास खेलिरहेको अवस्थामा १६ जना पक्राउ

मोरङ, साउन ५। काठमाडौं महानगरपालिका-७ गौशाला लाहुरेटोल बस्ने सोलुखुम्बू घर भएका ४७ वर्षीय आङ्तु राईको घरमा जुवातास खेलिरहेको अवस्थामा राई समेत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

विशेष सूचनाको आधारमा प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ८२ हजार ६ सय ७० रुपैयाँ र १ बुक तासहित पक्राउ गरेको हो। सुनसरी, धरान उपमहानगरपालिका-१० सेफ फुड गार्डेन रेष्टुरेन्टमा जुवातास खेलिरहेको अवस्थामा भोजपुर आमचौक गाउँपालिका बस्ने ३५ वर्षीय राजेन्द्र श्रेष्ठ समेत ११ जनालाई प्रहरीले पक्राउ गरेको हो। विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनीहरूलाई नगद चार लाख ७ हजार ६ सय ४० रुपैयाँ र १ बुक तासहित पक्राउ गरेको बताइएको छ।

अमेरिका ...

लगि अलपत्र पार्ने, बन्धक बनाई यातना दिने र फिरौती लिने जस्ता आपराधिक कार्यमा संलग्न रहेको खुल्न आएपछि तामाङलाई नेपाल प्रहरी प्रधान कार्यालय मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

तामाङ समेतले हवाई मार्ग हुँदै अमेरिका लैजाने प्रलोभन देखाई जनही ११ लाख ३० हजारदेखि ६० लाख रूपैयाँसम्म रकम लिई हालसम्म पीडितहरुबाट जम्मा २ करोड २६ लाख २३ हजार ८ सय ९० रुपैयाँ लिएको, नेपालबाट अमेरिका लैजाने भनी भारतको नयाँदिल्ली, श्रीलंका, दुबई, सिंगापुर, फिलिपिन्स, थाईल्याण्ड, लाओस र जाम्बिया लगायतका देशहरुमा पुऱ्याई अलपत्र पारी थप रकम माग गर्ने गरेको अनुसन्धानको क्रममा खुल्न आएको छ।

उनी उपर जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

डुबेर ...

सक्ने सिपको महत्वबारे सञ्चारमाध्यमले पनि प्रचारप्रसार गर्न मद्दत गर्नुपर्ने धारणा राखे। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव रुद्रसिंह तामाङले पानीमा डुबेर हुने मृत्युलगायत घटना रोकथामका लागि सचेतना बढाउने भन्दै प्रतिबद्धता जनाए।

सम्बन्धविच्छेदका ...

हजार ६ सय ९९ तथा लेनदेनका ३१ हजार ३ सय ३९ मुद्दा परेका छन्। सबैभन्दा बढी मुद्दाको चाप बागमती प्रदेशका जिल्ला र उच्च अदालतहरुमा रहेको देखिएको छ। आर्थिक वर्ष ०७८/०७९मा सबैभन्दा धेरै ९७ हजार २ सय ९१ मुद्दा रहेको मधेस प्रदेश २६ दशमलव ८० प्रतिशत मुद्दा फछ्र्यौट गरेर सबैभन्दा धेरै मुद्दा फछ्र्यौट गर्ने प्रदेश बनेको छ। बागमतीमा ७७ हजार ६ सय ८१ मुद्दामध्ये २६ दशमलव ४३ प्रतिशत किनारा लागेका छन्।

जनशक्ति व्यवस्थापन एवम् आवश्यक वित्तीय स्रोतको प्राप्ति र परिचालनमा स्वायत्तता प्राप्त नहुँदा न्यायपालिकालाई प्राप्त संवैधानिक जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्न नसकिएको सर्वोच्च अदालत प्रशासन बताउँछ।

७५ कार्यदिनमा ७ सय ६५ मुद्दा फछ्र्यौट गरेर सर्वोच्चका न्यायाधीश तिलप्रसाद श्रेष्ठ सबैभन्दा बढी मुद्दा फछ्र्यौट गर्नेमा परेका छन्। लगत अनुसार मुद्दाको फछ्र्यौट बढे पनि फैसला कार्यान्वयन भने निराशाजनक छ। प्रतिवेदन अनुसार गत आर्थिक वर्षसम्म २७ दशमलव पाँच सात प्रतिशत आदेशमात्र कार्यान्वयन भएका छन्। सर्वोच्चबाट भएको निर्देशनात्मक आदेश तथा परमादेश समेत दुई सय १४ वटा आदेशमध्ये ५९ वटा मात्र कार्यान्वयन भएका छन्। तीनै तहका अदालतबाट भएको फैसलामध्ये एकचौथाइ फैसलामात्र कार्यान्वयन भएका छन्।

दुर्घटनामा ...

२६ वर्षीया इसेटिमा शेर्पा, पाँचथरको हिलिहाङ गाउँपालिका-१ अमरपुरका २५ वर्षीय रोशन श्रेष्ठ, सोही स्थानका २३ वर्षीय भूपेन्द्र श्रेष्ठर र ताप्लेजुङको सिरिजङ्घा गाउँपालिका-३ फावाखोलाका ३० वर्षीय सरोज मादेन घाइते भएका छन्।

त्यस्तै दुर्घटनामा परी ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-३का २४ वर्षीय अजय लिम्बू, इलामको देउमाई नगरपालिका सिद्धिथुम्काकी १४ वर्षीया निरुता रम्तेल, कालीकोटका २२ वर्षीय सुमन खड्का, काठमाडौंको बल्खूकी २० वर्षीया मीना लिम्बू, पाँचथरको फाल्गुनन्द गाउँपालिका-३ पौवासारतापका ३५ वर्षीय राम नेम्बाङ, पाँचथरको फिदिम नगरपालिका-१० याङ्नामकी ४० वर्षीया सविना बिक र सोही स्थानकी पाँच वर्षीया पुस्तिका विक घाइते भएका छन्।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
व्यावसायिक तथा सिप विकास तालिम केन्द्र
कोशी प्रदेश, भद्रपुर झापाको

प्रशिक्षकको सूची (Roster)मा नाम समावेश सम्बन्धी विस्तृत सूचना

प्रथमपटक प्रकाशित मिति :२०८०।०४।१०

यस केन्द्रमा आ.व. ०८०।०८१ मा सञ्चालन गरिने विभिन्न व्यावसायिक तथा सीप मूलक तालिम सञ्चालन गराउन आवश्यक पर्ने प्रशिक्षकको सूची निर्माण तथा अद्यावधिक गर्नुपर्ने भएकोले सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश हुन इच्छुक तोकिएको योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको दरखास्त फाराम भरी रु.१०।- को टिकट टाँसी सम्बन्धित केन्द्रमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

क) तालिमको लागि सूची (Roster) निर्माण तथा अद्यावधिक हुने विषयहरुः

सि.नं.	विषयहरु	निवेदन फाराम पेश गर्न सकिने केन्द्रहरु	अवधि
१	मोवाइल मर्मत	व्यावसायिक तथा सिप विकास तालिम केन्द्र भद्रपुर, झापा	३ महिने
२	ढाका बुनाई		
३	सिलाई कटाई		
४	आधारभूत विद्युत् जडान		
५	केश श्रृंगार		
६	विद्युत जडान अपग्रेडिङ		
७	कम्प्युटर		
८	मोटरसाईकल मर्मत		

ख) दरखास्त पेश गर्न सकिने केन्द्र

सि.नं.	केन्द्रको नाम	फोन नं.
१	व्यावसायिक तथा सीप विकास तालिम केन्द,भद्रपुर झापा	०२३-५२३३०५/ ९८५२६२६४२६

ग) योग्यता

सि.नं.	शैक्षिक योग्यता वा तालिम वा अनुभव
१	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र वा कुनै विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा प्रमाण-पत्र तह उत्तीर्ण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सिपमा १ तहको सिप परीक्षण पास भएको।
२.	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एस.एल.सी वा एस.एल.सी गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सिपमा १ तहको सिप परीक्षण पास भएको
४.	सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरी परम्परागत सिप र प्रविधि भई न्यूनतम् एक वर्ष अवधिसम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको अनुभव र सम्बन्धित सिपमा १ तहको सिप परीक्षण पास भएको
५	विद्युत् जडान अपग्रेडिङको हकमा माथि उल्लेखित योग्यताका साथ सम्बन्धित सिपमा २ तहको सिप परीक्षण पास भएको

द्रष्टव्य

- दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाण-पत्र, सम्बन्धित तालिमको प्रमाण-पत्र, सिप परीक्षणको प्रमाण पत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातका प्रतिलिपिहरु संलग्न गरी ती प्रतिलिपिहरुमा व्यक्ति स्वयम्ले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी तोकिएको म्यादभित्र सिलबन्दी गरि पेश गर्नुपर्नेछ।
- तोकिएको योग्यता पुगेको एक भन्दा बढी विषय (Trade) मा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ।
- सूची Roster निर्माण तथा अद्यावधिक गर्नका लागि सम्बन्धित केन्द्रमा पर्न आएका दरखास्त उपर छानविन गरी तोकिएका योग्यता पुगेका दरखास्तवाला प्रशिक्षकहरुको सूची निर्माण तथा अद्यावधिक गर्ने काम सम्बन्धित केन्द्र कै हुनेछ।
- सूचनाको म्याद समाप्त भएको ७ दिनभित्र योग्य व्यक्तिको सूची केन्द्रले प्रकाशित गर्ने छ।
- रित नपुगेको दरखास्त फाराम स्वीकार गरिने छैन।
- सूचीमा नाम समावेश गर्ने/नगर्ने अधिकार सम्बन्धित केन्द्रमा सुरक्षित रहने छ।
- सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट केन्द्रहरुले आवश्यक परेको वखतमा मात्र प्रशिक्षणमा खटाउन सक्ने छ।
- यो सूची आ.व. ०८०।०८१ को लागि मात्र कायम रहने छ।
- अन्य कुराहरु यस केन्दको निर्देशिका २०६९ तथा कानून बमोजिम हुने छ।

नि. केन्द्र प्रमुख

असल संस्कार र समृद्धिका लागि एनएमसी
नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, प्रदेश नं. १

कोटेसन आह्वान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।४।१०

यस संस्थाका लागि तपसिलमा उल्लेखित विवरणको ल्यापटपको आवश्यकता भएको हुँदा इच्छुक फर्म वा कम्पनीबाट निम्न बुँदाका आधारमा रही न्यूनतम् दररेटसहितको कोटेसन आव्हान गरिन्छ।

सामग्रीको विवरण :

SN	PARTICULARS	QTY
1	LAPTOP CORE I3, 14 INCH, 12 GEN, 8GB RAM, 256 SSD, WINDOWS 11 SUPPORTED	10
2	LAPTOP CORE I5, 14 INCH, 12 GEN, 8GB RAM, 512 SSD, WINDOWS 11 SUPPORTED	2

तपसिल

१) माथि उल्लेखित सामग्री संस्थाको कर्पोरेट कार्यालय, काँकरभिट्टामा ढुवानी गर्नु पर्नेछ।
२) कोटेसन पेश गर्दा सामग्रीको ब्रान्ड, वारेन्टीलगायतको पूर्ण विवरण अनिवार्य खुलाउनु पर्नेछ।
३) कोटेसन पेश गर्ने अन्तिम मिति २०८० साउन १६ गते मंगलबार तोकिएको छ।
४) कोटेसन संस्थाको काँकरभिट्टास्थित कर्पोरेट कार्यालय वा संस्थाको इमेल ठेगाना corporatenmc@gmail.comमा पठाउन सकिनेछ।
५) कोटेसन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ।

थप जानकारीका लागि : मो. ९८५२६८९४१८ (आइटी विभाग)

– कर्पोरेट कार्यालय

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगरपालिका वडा नं. १० बस्ने श्री सुमित्रा शाहीले निजको नाममा दर्ता रहेको साविक मेनपा-१ हाल मेचीनगर-१० स्थित सुब्बा वस्ती टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ६७, १४२, १५४, १५५ क्षेत्रफल १४२.२१ मीमी, २७२.२१ मीमी, ६५.९६ मीमी, १५.८४ मीमी जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिणतर्फका सँधियार श्री देवेन्द्र नेम्बाङ मिति २०८०/०४/०९ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न आएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि.नं.	जग्गाको विवरण	घरको विवरण	घर जग्गा धनीका सधियारहरु
१	साविक मेनपा-१ हालः मेनपा-१० कि.नं. ६७, १४२, १५४, १५५ क्षेत्रफलः १४२.२१ मीमी, २७२.२१ मीमी, ६५.९६ मीमी, १५.८४ मीमी	लम्बाई १८६०० मीमी चौडाई ६३०० मीमी उचाई १०६१३ मीमी क्षेत्रफल २३८.८२ वर्गमिटर	पूर्व श्री आफ्नै पश्चिम श्री धर्मकुमार विश्वकर्मा उत्तर श्री बाटो दक्षिण श्री बामदेव साहानी श्री देवेन्द्र तामाङ

आकर्षक घडेरीहरू विक्रीमा

धुलावारीको मुटुमा पूर्व-पश्चिम राजमार्गसंगै जोडिएको, बनिदै गरेको फाइभ स्टार होटलको प्राङ्गणमै, अति आकर्षक टुक्रा जग्गाहरु व्यवसायिक प्रयोजनको लागि विक्रीमा छन्। समयमै सम्पर्क गर्नुहोला।

सम्पर्कः whatsapp/Viber 9617736764, 9824012718
Mobile: 9824012718

श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बिर्तामोड-४, झापाको

कर्जा चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरूरी सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले ब्यावसायिक तथा घरायसी प्रयोजनका लागि लिएको कर्जाको संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनुपर्ने साँवा, ब्याज र अन्य दस्तुर नतिरेको र सम्पूर्ण कर्जाको भाका समेत नाघी कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुँदा ऋण तथा जमानी सदस्यहरुलाई सम्पूर्ण कर्जा रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जातर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको हुँदा विवरणमा उल्लेखित ऋणीहरुको नाममा कर्जा चुक्ता गर्न आउनु भनी यो ७ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा यस संस्थामा सम्पर्क राखी लिएको कर्जाको साँवा ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गर्नु होला। अन्यथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी नियमावली, संस्थाको बिनियम तथा सहकारी ऐन २०७४, नियमावली २०७५ले दिएको अधिकार प्रयोग गरी सम्पूर्ण कर्जा रकम असुल उपर प्रकृया अगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ।

क्र.सं.	ऋणीको नाम थर	ठेगाना	तिनपुस्ते बिवरण	श्रीमान/श्रीमतीको नाम	न. प्र. न. जारी मिति	ऋण लिएको मिति	जग्गाधनीको बिवरण	जग्गाको ठेगाना	कित्तानम्बर	क्षेत्रफल
१.	सुमित्रा श्रेष्ठ	अर्जुनधारा-६	बुबा : लेख बहादुर श्रष्ठ हजुरबुबा : लक्ष्मी नारायण श्रेष्ठ	श्रीमान : बिनोद कुमार श्रेष्ठ	८१९७९ जारी मिति : २०६२/०९/०५	२०७६/०४/१७	नाम : सुमित्रा श्रेष्ठ बुबा : लेख बहादुर श्रष्ठ हजुरबुबा : लक्ष्मी नारायण श्रेष्ठ	नकलबन्दा-५	१७१३	१७७७.८
२.	डोमन लाल साह	राजगढ-०७	बुबा : पिनोलाल साह हजुरबुबा : टापनलाल साह	श्रीमती :	७६१५९२०४ जारी मिति : २०५७/०८/१६	२०६८/०१/२५	नाम : डोमन लाल साह बुबा : पिनोलाल साह हजुरबुबा : टापनलाल साह	राजगढ- ०७	६०६ ६०२	४१३.७५ १४९
							नाम : राजनलाल साह बुबा : टकल लाल साह हजुरबुबा : चीनि साह	राजगढ- ०७	६०९ ६०३	४१३.७५ १४९
३	खड्ग कुमारी भट्टराई	बिर्तामोड-०४	बुबा : कुमार भट्टराई हजुरबुबा : नन्दिकेशर भट्टराई	श्रीमान : दलबहादुर भनिने गोबिन्द कार्की	२३१११/०४४ जारी मिति : २०५२/०१/०३	२०७६/०५/०४	नाम : खड्ग कुमारि भट्टराई बुबा : कुमार भट्टराई हजुरबुबा : नन्दीकेशर भट्टराई	अनारमनी- ०४	२००	३४०
४.	राजकिसोर सिंह	चकचकी-०३	बुबा : सत्यनारायण सिंह हजुरबुबा : गोपाल सिंह	श्रीमतिः महिमा सिंह कुर्मी	०४३०२१/८९९ जारी मिति :	२०७६/०४/२१	नाम : राजकिसोर सिंह बुबा : सत्यनारायण सिंह हजुरबुबा : गोपाल सिंह	चकचकी-०३	८५०	४३५.९८
५.	उमा कार्की	बिर्तामोड-०१	बुबा : खेम बहादुर कार्की हजुरबुबा : रत्नबहादुर कार्की	श्रीमान : यादु नाथ खडका	६४३८९७१२ जारी मिति : २०६०/०१/०२	२०७७/०८/०४	नाम : उमा कार्की बुबा : खेम बहादुर कार्की हजुरबुबा : रत्न बहादुर कार्की	ज्यामिरगढी- ०१	१२१०	८४६५.७८

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

मानव स्वास्थ्य माथिको खेलबाड रोक

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबारदेखि देशभरका औषधि पसलहरुको अनुगमन शुरु गरेको छ । औषधि पसलहरु मापदण्ड विपरीत सञ्चालन भइरहेको र औषधिको ठीक ढंगले उपयोग पनि नभइरहेको गुनासो आएपछि मन्त्रालयले देशभरका औषधि पसलहरुको अनुगमन शुरु गरेको हो । राजधानी लगायत देशभर गरिएको अनुगमनका क्रममा कतिपय पसलहरुमा सरकारी अस्पताल तथा स्वास्थ्य केन्द्रका लागि पठाइएका औषधिहरु निजी मेडिकल तथा क्लिनिकहरुमा बिक्रीका लागि राखिएको पाइएपछि अनुगमन टोलीले कारवाही नै शुरु गरेको छ । राजधानीमा स्वास्थ्य मन्त्री मोहनबहादुर बस्नेत आफैं अनुगमनमा हिंडेको र त्यसक्रममा मापदण्ड विपरीत सञ्चालित पसलहरु कारवाहीमा परेका छन् भने केही बन्द गराइएका छन् ।

औषधि पसल सञ्चालन गर्न अनुमति नलिएका, विभागमा दर्ता नै नभएका औषधि बेच्न राखिएको, कतिले सौन्दर्य प्रशाधनका वस्तु समेत बेच्न राखेको त कतिपय पसलमा कानूनद्वारा निर्दिष्ट फर्मासिस्ट नभएको जस्ता कमजोरी पाइएपछि ती सबै कारवाहीमा परेका हुन् । त्यसो त औषधि पसलहरुले लागूऔषधहरु गलत ढंगले वितरण गर्ने गरेको, केही औषधि डाक्टरको प्रेक्सिक्पसन बिना बिक्री भइरहेको गुनासो आएपछि अनुगमनलाई देशव्यापी बनाइएको मन्त्रालयले जनाएको छ । त्यसो त कतिपय जिल्लाहरुमा यस्ता विवादका कारण समस्या आइरहेकै छन् । म्याद गुज्रिएका तथा औषधि व्यवस्था विभागले प्रतिबन्ध लगाएका औषधि पनि बिक्री वितरण भइरहेका छन् ।

स्वास्थ्यलाई सर्वोत्तम धन भनिन्छ । मानिस स्वस्थ रहेमात्र दैनिक कार्यमा संलग्न हुनसक्छ । त्यही कार्यले उसका आवश्यकताहरु पूर्ति हुन्छन् । त्यसैले मानव स्वास्थ्यमा प्रतिकूलता ल्याउने औषधि आयात तथा बिक्री वितरण गर्नु अपराध हो । त्यस्तो कार्य नहोस् भन्नका लागि सम्बद्ध निकायले बजार अनुगमनलाई नियमित र निरन्तर सञ्चालन गर्नुपर्छ । क्षणिक स्वार्थका लागि गरिने अनुचित कार्य कसैको जीवन हरण गर्ने माध्यम नबनियोस् त्यसतर्फ व्यवसायी पनि संवेदनशील हुनुपर्छ । नैतिक कर्तव्यप्रति सजग भइयो भने कस्तै अनुगमन पनि व्यवसायको बिरुद्ध हुन पाउँदैन । उपभोक्ता ठगिनबाट पनि जोगिन्छन् र सम्भावित स्वास्थ्य जोखिमबाट पनि सुरक्षित हुन्छन् । त्यसका लागि औषधिको प्रयोगप्रति उपभोक्ता समेत सचेत हुनुपर्छ ।

यसकारण सहकारीमा जोखिम

गोविन्द शर्मा पोखरेल



सहकारीको संस्थागत संरचनाको विकास नहुँदादेखि नै नेपालमा सहकार्य गर्ने चलन विद्यमान थियो। साथै छरछिमेकमा सरसापटी लिने र गर्जो टार्ने परिपाटी धेरै पुरानो हो। त्यसैको जगमा आधारित जस्तो देखिने सहकारी संस्थाको गठन र सञ्चालन सरसर्ती हेर्दा जति राम्रो देखिन्छ, यसको हालको स्थिति उत्तिकै जटिल देखिन्छ।

सहकारीको रकम हिनामिना गरेर सञ्चालकहरू अथवा ऋणीहरू फरार भएको र बचतकर्ताहरू तथा शेयर सदस्यहरू बिचल्लीमा परेका समाचार दिन-दिनै बढ्दो मात्रामा पत्रपत्रिका तथा मिडियामा सुन्न र पढ्न पाइन्छ। धेरैजसो यस्ता सहकारीका सञ्चालकहरू अन्य सहकारी सञ्चालकहरूले आर्जन गरेको गैरकानुनी कमाई तथा सो सँग जोडिएका कथाहरूबाट प्रेरित हुन्छन् भने कोही नजिकका नातेदार, मान्यजन वा सल्लाहकारहरूबाट यस्तो कार्य गर्न प्रेरित हुन्छन्। यसरी सहकारीहरू धरासायी हुनुका पछाडि अनेक कारणहरू हुन सक्छन्। तर, प्रमुख कारणमा मानवीय कमजोरी (पैसाको लोभ), प्रभावकारी अनुगमनको अभाव (अनुगमनका नाममा कमाइखाने भाँडो बनाएको यथार्थता) र नेपालमा हाल विद्यमान दण्डहीनताको स्थिति नै हुन्।

मानवीय कमजोरी वा पैसाको लोभ

मानिसहरू साधारणतया असल नियतका नै हुन्छन् अथवा नियत नै खराव भएर बचतकर्ताहरूलाई डुबाउँछु, बचत भएको सबै पैसा बेरोकटोक आफैं चलाउँछु भन्ने मनसायले अधिकांश सहकारीहरू खुलेका पक्कै पनि होइनन्। त्यसैले, स्थापनाको शुरु-शुरुमा विद्यमान ऐन-कानूनले पनि प्रभावकारी रुपमा नै काम गरेका हुन्छन्। तर, समय बित्दै जाँदा सञ्चालकहरू, खास गरेर चेकमा हस्ताक्षर गर्ने सञ्चालकहरू र संस्थाभित्रैबाट अनुगमन गर्ने संयन्त्रका कमजोरी र खास गरेर मानवीय कमजोरीका कारण हुने पैसाको लोभ र समय-समयमा हुने पैसाको आवश्यकताले गर्दा शुरु-शुरुमा संस्थाबाटै आपसी विश्वासका कारण सानो-सानो रकमको बिना धितोमा सरसापटीमा बाट शुरु हिनामिना शुरु हुन्छ।

यस्तो कार्य संस्थाभित्रको प्रभावकारी अनुगमनको अभावमा (कसले थाहा पाउँछ र ?) क्रमिक रुपमा बढोत्तरी हुँदै आपसी मिलोमतोमा ठूलो-ठूलो रकमको अपचलन भई अपचलनकर्ताहरूबाट समेत थेग्न नसक्ने अवस्थामा पुगेपछि मात्र अन्य सञ्चालकहरू तथा बचतकर्ताहरूले यसरी भएको अपचलनबारे थाह पाउने अवस्थाको सिर्जना हुन्छ। यसरी आपसी मिलोमतोमा गरिने अपचलनहरूको ढाकछोप गर्ने कार्यमा संस्थाभित्रको लेखा समिति र लेखापरीक्षकको समेत मिलोमतो नहुने हो भने छोटो अन्तरालमा नै पोल खुल्ने र ठूलो अपचलनबाट संस्था जोगिन सक्छ। तर, लेखापरीक्षकको समेत मिलोमतो हुँदा यस्तो अपचलनले ठूलो रुप लिन सक्छ।

संस्थाको रकमको यस्तो अपचलनमा कुनै-कुनै संस्थाका सबै वा बहुसंख्यक सञ्चालकहरू संलग्न हुन्छन् भने अधिकांश सहकारीहरूमा केही खास सञ्चालकहरू मात्र यस्तो कार्यमा मुछिएका हुन्छन्। त्यसैले, प्रभावकारी अनुगमन अन्तर्गत अनुगमन गर्ने संस्थाहरूले अनुगमनका अन्य कार्यका अलावा लेखापरीक्षकहरूको अनुगमन गर्न सके सहकारीहरूको अवस्थामा पक्कै पनि केही सुधार गर्न सकिन्थ्यो जस्तो लाग्छ। अथवा, महालेखापरीक्षक कार्यालयबाट सरकारी कार्यालय सरहको लेखापरीक्षण हुन सकेमा यस्तो बेथितिमा पक्कै कमी आउने थियो। यसमा पनि यस्तो अपचलनको जरो भनेको रकमको परिमाण हो, किनभने सानातिना रकममा केही सानोतिनो चित्त भएका व्यक्तिहरूको मात्र आँखा लाग्छ भने ठूलो रकममा ठूलै हस्तीहरूको पनि संलग्नता भएको देखिएको छ। त्यसैले, नियन्त्रणको पहिलो अध्याय सहकारीले कारोबार गर्न पाउने रकमको अधिकतम् सीमाबाट शुरु हुनुपर्छ।

प्रभावकारी अनुगमनको अभाव

नेपालभरका सहकारी संस्थाहरूमा मौलाएको बेथितिको प्रमुख कारण प्रभावकारी अनुगमनको अभाव नै हो। यहाँ त अनुगमनको नाममा भ्रष्टाचार गर्ने कार्य मात्र भएको देखिन्छभन्दा अनुगमनमा संलग्न धेरै कम व्यक्तिहरूको मात्र चित्त दुख्ला, अन्य सबैले आफ्नो कर्तुत मात्र सम्झने छन्। काठमाडौं जस्तो देशको मुटुमा त यो बेथिति यसरी मौलाएको छ भने नेपालका दूरदराजको अवस्था हाम्रो अनुमानभन्दा धेरै बाहिर हुन सक्छ।

काठमाडौंमा सहकारीहरूको अनुगमन गर्ने जिम्मेदारी पाएको का. म. पा. को सहकारी विभाग छ। कुरा गर्दा हाकिमसाबहरू राम्रै र प्रभावकारी जस्तै कुरा गर्छन्। तर, वास्तविकता कुरा गरे जस्तो नपाइन सक्छ। यस कार्यालयमा काठमाडौंको कुनै सहकारीमा केही पदाधिकारीहरूले संस्थाको हित तथा प्रचलित कानून विपरीत संस्थाको सबै चल सम्पत्ति अपचलन गरेकोले सो अपचलित रकम उठाउन सहयोग गरी पाउँ भनी बाँकी सबै सञ्चालकहरूले सञ्चालक समितिको निर्णयसहित सहयोगको अपिल गरी पठाएको पत्र। सो पत्रका ताकेताहरू। कानून बमोजिम गरिएको विशेष साधारणसभाको श्रव्यदृष्यसहितको प्रतिवेदन आदि सबैको कारवाही स्वरुप अपचलनकर्ताहरू तथा निवेदकहरूसँग पटक-पटक आफ्नै कार्यालयमा बैठक राखी विभिन्न निर्णयहरू गराउन सहयोग गरे जस्तो गर्ने। निर्णयको माइन्यूटमा आफूहरू हस्ताक्षर नगर्ने, तर सहकारीका बचतकर्ता तथा सञ्चालकहरूले देखिने गरी केही कारवाही नगर्ने निवेदकहरूलाई झुलाउने।

अपचलनकर्ताहरूलाई सहयोग पुग्न सक्ने मौखिक सल्लाह दिने तर कसैलाई केही कारवाही नगरी उक्त फाइललाई एक वर्षपछि मात्र प्रहरीमा पठाउने कार्य उक्त विभागले गरेको प्रभावकारी अनुगमन अन्तर्गत कसै गरे पनि पर्दैन। सो सहकारीका पीडित सदस्यहरू, बचतकर्ताहरू तथा सञ्चालकहरूलाई उक्त विभागले गरेको असहयोगका पछाडि पक्कै पनि केही अदृष्य कार्यहरू भएको सजिलै अनुमान लगाउन सकिए पनि यो आलेखको आशय कसैलाई आक्षेप लगाउने नभई सहकारी संस्थाहरूको प्रभावकारी तथा पारदर्शी सञ्चालन भएकाले यो विषय उठाइएको हो।

कानून मान्नेहरूका लागि त विद्यमान कानूनहरू नै काफी छन्। तर, कानून बाहिर गएर संस्था अपचलन गर्न सक्ने समूहलाई कानून मिच्ने स्थितिमा पुग्नुभन्दा अगावै बाटो बिराउन नदिई साधारण कानूनी प्रक्रिया र व्यवहारिक कुरा बाहेक अनुगमनका अन्य पक्षहरूको अवलम्वनबाट जोगाउन केबल खराब नियत भएका कोही कोहीलाई बाहेक अधिकांशलाई सकिने हुन्छ। त्यस्ता दुई पक्षहरू निम्न बमोजिम छन्।

- घरपरिवार र नाजिकका आफन्तहरूबाट गरिने निगरानी,
- संस्थाको सञ्चालकहरूको निवासका छेउछाउमा बस्ने शेयर सदस्य तथा लगानीकर्ताद्वारा गरिने निगरानी।

घर-परिवार र नजिकका आफन्तहरूबाट गरिने निगरानी

आफ्नो आफन्त वा नजिकको नातेदारले सम्पत्ती कमाओस् र राम्रोसँग जीवनयापन गरोस् भन्ने सबै आफन्तको चाहना हुने भए पनि अधिकांश नातेदारहरू गैरकानूनी आर्जनबाट लाभ लिएको मन पराउँदैनन्। त्यसैले, धेरै आफन्तहरू धेरै कमाएस् भन्दा पनि जोगिएर काम गरेस् भन्ने सल्लाह दिन्छन्।

सारै निकृष्ट आफन्तहरू मात्र अनैतिक र गैरकानूनी कमाइमा खुशी हुने र प्रोत्साहित गर्ने गर्छन्। किनभने यस्तो गैरकानुनी कमाई दीगो हुन्न तथा यसबाट परिवारको बेइज्जती का साथै गैरकानूनी सम्पत्ती आर्जनकर्ताको कारावास सजाय समेत हुन सक्ने भएकाले अधिकांश नातागोता यस्तो कमाई गर्ने व्यक्तिसँग अलिक टाढा बस्न रुचाउँछन्। र, यदि त्यस्ता नातागोता सहकारी संस्थाको सदस्य वा बचतकर्ता भए अन्य बचतकर्ताहरू समेत केही सुरक्षित हुन सक्छन्।

वास्तवमा सहकारी संस्थाहरूको प्रभावकारी तथा पारदर्शी सञ्चालनका लागि उक्त सहकारी संस्थाका सदस्यहरू तथा बचतकर्ताहरूको निरन्तरको सहकार्य तथा निजहरू कै चनाखोपन एकदमै आवश्यक महशुस भएको छ। यस्तो अनुगमन अन्तर्गत सहकारीका सञ्चालकहरूको जीवनशैलीमा भएको परिवर्तन पनि छरछिमेकबाट हुन सक्ने अनुगमनको अर्को पाटो हो र यो सबैभन्दा महत्वपूर्ण कडी हो। यसको लागि सहकारी संस्थाका सदस्य तथा बचतकर्ताले सञ्चालकहरूको रहनसहनको निगरानी होइन अपितु निजहरूको रहनसहनबारे चनाखो मात्र भए यस्तो अपचलन भए पनि सानोतिनु मात्रामा सिमित हुन्छ, यसले बिकराल रुप लिन सक्दैन। सहकारी पनि जोगिन्छ बचतकर्ताको बचत पनि सुरक्षित रहन्छ।

तर, जोसुकै जतिसुकै चनाखो भए पनि जति उजुरी गरे पनि यदि अनुगमनकर्ता सरकारी निकाय सक्षम नभए वा अनुगमनकर्ता सरकारी निकायले यस्तो उजुरीमा बेवास्ता गरे वा त्यसैलाई आफ्नो कमाई खाने भाँडो बनाए उजुरीकर्ताको अर्को जाने ठाउँ छैन। र, हालको अनुगमनको वास्तविक स्थिति एकदमै निराशाजनक भएको पाइएको छ। यसमाथि अनुसन्धानकर्ता प्रहरी तथा यस्तो उजुरीलाई कानूनी रुप दिने सरकारी वकील समेत उक्त मिलोमतोमा सहभागी भए केबल निर्दोषले मात्र थप दुःख पाउने अवस्थाको सिर्जना हुन सक्छ। त्यसैले, अनुगमनका लागि यस्ता विभागहरू तथा अन्य अनुगमनकारी संस्थाहरू समेतको अनुगमन गर्ने प्रभावकारी थप निकाय भएमात्र सहकारीहरूको अनुगमन प्रभावकारी हुने कुरा प्रष्ट हुन्छ। तर, यो सम्भव छ त ? नेपालको हालको अवस्थामा यो सम्भव होला जस्तो छैन। तर, अझै पनि के सम्भव छ भने-

सहकारीहरूको संख्यामा कडाई :

सहकारी संस्थाहरूको बेथितिको एउटा मूल कारण अनगिन्ती र टोलटोलमा सहकारी संस्थाहरूका स्थापना र सञ्चालन हो। यस्तो व्यवस्थाले गलत काम गर्ने गिरोहहरू संगठित भई संस्थाको रकम अपचलन गर्ने नै उद्देश्यले संस्थाको स्थापना गरी सहकारी संस्थाको मूल उद्देश्य विपरीत सहकार्यको अभावमा संस्था धराशायी हुन सक्छ र बचतकर्ताहरूले बचत गरेको रकम नउठ्ने अवस्था सिर्जना हुन सक्छ। तर, सीमित संख्यामा सहकारी संस्थाहरू भए त्यस संस्थाका सदस्यहरू पनि अधिक हुने, सदस्यहरूको संस्थामा आबद्ध हुने उद्देश्य पनि फरक हुने र निजहरूको अनुगमन क्षमता पनि फरक हुने भएकाले सहकारी संस्थाको सञ्चालन व्यवस्थापनमा निजहरूको सहभागिताले संस्था पनि स्वस्थ्य रहने सम्भावना बलियो हुन्छ। त्यसैले, सहकारी कानूनले कम संख्याका सहकारीमा अत्यधिक सदस्यहरू हुने व्यवस्था गरेमा सदस्यहरू तथा निजहरूले गरेको बचत सुरक्षित हुने सम्भावना हालको अवस्थामा भन्दा ज्यादा हुन्छ।

सहकारी बैंक मार्फत अनुगमनको व्यवस्था :

हालको अवस्थामा नै किन बैंकहरू सहकारीहरूको तुलनामा बढी सुरक्षित छन् ? यो प्रश्नको जवाफ दिन त्यति गाहारफ छैन। त्यसैले, सहकारी संस्थाहरूलाई स्वस्थ्य तथा सहकारी संस्थाका बचतकर्ता सदस्यहरूको बचत रकमलाई सुरक्षित राख्न नेपाल राष्ट्र बैंकले गरे जस्तो अनुगमन सहकारी बैंक मार्फत गराउन सके सहकारीहरू सुरक्षित हुने सम्भावना ज्यादा हुन्छ।

सीमा तोकिने :

मह काढ्नेले हात चाट्ने कुरा नेपालमा पुरानो नै हो, तर औंलो दिँदा डुडुलो निल्ने कुरा अपच हुने कुरा हो। हात चाट्नेभित्र सानोतिनो रकम हिनामिना गर्ने कुरा अटाउन सक्छ, तर मूल रकम नै हिनामिना हुने कुरा अटाउँदैन। सहकारी संस्थाको कारोबारको अधिकतम् सीमा तोकिँदा सानोतिनो रकम हिनामिना गर्ने सानातिना पात्रहरूको संलग्नतालाई पुरै नकार्न नसकिने भए पनि संस्थाको पुरै मूलधन नै अपचलन गर्ने सम्भावना कम हुन्छ। तर, ठूलो रकमको कारोबार हुँदा अपचलन गर्ने संगठित गिरोह नै संलग्न भई हालको जस्तै परिस्थितिको पुनरावृत्ति हुन सक्छ। ठूलो रकमको कारोबार गर्नेले अनुगमनकर्ता, प्रहरी तथा सरकारी वकिलसम्मको मिलोमतोमा सहकारीको रकम अपचलन गर्ने कार्यमा समाबेस गरी गराई संस्था लुट्ने कार्य हुने सम्भावना असीमित पारेको हुन सक्छ।

अर्को सीमा सञ्चालक समितिको अध्यक्ष तथा अन्य अधिकार प्राप्त निर्वाचित पदाधिकारीको पदावधिको तोकिनु पर्दछ। धराशायी भएका धेरै सहकारीहरूमा अध्यक्षको पद एकै जनाले मात्र प्राप्त गरेको देखिएको छ। अध्यक्षको पदमा विभिन्न समयमा विभिन्न व्यक्तिहरू निर्वाचित भएका सहकारीहरू तुलनात्मकरुपले बढी सुरक्षित देखिएका छन्। त्यसैले, अध्यक्षको पदमा कुनै पनि व्यक्ति बढीमा तीन बर्षभन्दा लामो समयको लागि बस्न नपाउने व्यवस्था कानूनमा भए सहकारीहरू केही थप सुरक्षित हुने देखिन्छन्।

अनुगमनकर्ता माथि गर्न सकिने कानूनी कारवाही

धेरै सहकारीहरू धराशायी हुनुको पछाडि फितलो अनुगमनलाई लिन सकिन्छ। तर, सहकारीहरूमा व्याप्त यो समस्यामा कुनै पनि अनुगमनकर्ता माथि औंला उठएको सुन्नमा आएको छैन। के अनुगमनकर्ताको प्रभावकारी अनुगमन हुँदा सहकारीहरूको यस्तो बेहाल हुन सम्भव हुन्छ ? त्यसैले, सहकारीहरूमा विद्यमान बेथितीको पछाडि अनुगमनकर्ताको हात नभए पनि निजहरूको हेलचेक्र्याइँ पक्कै हुन्छ। त्यसैले यस्तो बेथितीका कारक बनेका अनुगमनकर्ताहरू माथि पनि उचित कानूनमा परिवर्तन गरी कारवाही हुने व्यवस्था हुन जरुरी छ। इ-कागज

युट्युबले सिकाएको तरकारी खेतीबाट मनग्गे आम्दानी

शिवसताक्षी-७ पिपलडाँडाका ज्ञानु प्रसाईले व्यावसायिक तरकारी खेती गरेर राम्रो आम्दानी गर्दै आएका छन्। तरकारी खेतीबाट हुने आम्दानीले प्रसाई परिवारको जीवनस्तर फेरिँदै गएको छ।

प्रसाई परिवारका चारै सदस्य खेतबारीमा बाह्रै महिना तरकारी खेती गर्छन्। बारीमा आफूले सकेको काम बाबा-आमालाई सघाउने गरेको छोरा प्रितम्ले बताए। श्रीमती रीता सिलवाल स्थानीय निजी विद्यालयकी शिक्षिका हुन्। उनले पनि बचेको समय तरकारी खेतीमा बिताउने गरेको बताइन्। ११ कट्ठा जग्गामा उनले तरकारी खेती गरेर गरेका छन् भने आठ कट्ठा जग्गामा माछापालन गरेका छन्। उनले तरकारी खेतीबाट वार्षिक रूपमा सरदर १२ लाखदेखि १५ लाखसम्म आम्दानी हुने बताए।

उनका बारीमा यतिबेला लौका, करेला, भिण्डी, बोडी, पोइया लटरम्मै फलेको छ। पोखरीमा माछा पनि उत्तिकै फस्टाएको छ। खेतमा धान पनि लहलहाउँदो छ। बारीको तरकारी, पोखरीको माछा र खेतको धान लहलहाउँदोको एउटै कारण उनी रासायनिक मल प्रयोग गर्दा रहेनछन्। आफ्नै घरमा उत्पादन गरेको प्राङ्गारिक मलको प्रयोगले लगाएको बाली फस्टाएको उनले बताए। उनले घारमा मौरी पनि पालेका छन्। उनी मौरीको मह पनि बेचेर मनग्ये आम्दानी गर्छन्।

प्रसाईले दुई वर्ष उता एक विगाह खेतमा धानखेती गर्थे। धानखेती गरेर आएको आम्दानीले परिवारको परिवर्तन हुँने छाँट नदेखेपछि उनले धानखेत मासेर तरकारी खेती गर्न थालेका थिए। उनले एक विगाह खेतमा दुःखले ३० क्वीन्टल धान फल्ने बताए। 'खेती गर्दाको मल, बीऊ, सिञ्चाई, मजदुर खर्च त्यही धानलाई अरु उपाय नहुँदा बोकाउनै पर्‍यो। आम्दानीको आधा खर्च सोझै बाहिरिएपछि बचेको आधाले परिवारको वर्षभरीको गुजारा चल्न नसक्ने भएकाले धानखेत मासेर तरकारी खेतीतिर आकर्षीत भएको भएको हुँ' -उनले भने। तरकारी खेतीबाट मनग्ये आम्दानी हुने छनक देखेपछि छिमेकीको एक विगाह जग्गा पनि उनले 'लिज'मा लिएर दुई विगाह बनाए। उनले भने- 'एक विगाहको वार्षिक एक लाख साहुलाई बुझाउँछु र वार्षिक छ लाख तरकारी खेतीबाट सबै खर्च कटाएर कमाउन सक्छु।'

तरकारी खेती गर्दै जाँदा आधुनिक तौरतरिका सिक्दै गएकाले उत्पादन प्रति वर्ष बढ्दै गएको उनको भनाइ छ। प्रसाईले आधुनिक तरिकाले तरकारी खेती गर्ने तालिम भने लिएका छैनन्। 'अन्य किसानले गरेको तरकारी खेती गर्ने तौरतरिका सिँके' -उनले भने- 'युट्युबमा भारतीय किसानले गरेको तरकारी खेती मोबाइलमा हेर्न थालें, त्यसै अनुरुप खेती गर्दै जाँदा उत्पादनसँगै तरकारी खेती गर्ने रहर पनि बढ्न थाल्यो।'

उनले मोबाइलबाटै खेती गर्ने तरिकाको जानकारी लिन्छन्। कुन तरकारी बालीलाई कुन महिना, मल, पानी, कुन रोग लागे कुन औषधि लगाउने उनलाई मोबाइलले पोख्त बनाएको छ। सात दिनसम्मको मौसमको पूर्वानुमान् पनि उनले आफ्नै मोवाइलबाट हेरेर मल, पानी र औषधि प्रयोगको तालिका बनाउने गरेका छन्।

प्रसाईले लहरे बालीलाई थाङ्रो दिएका छैनन्। काँक्रा, बोडी, लौका, करेला, पोइया लगायतको तरकारीलाई उनले नाइलनको मसिनो डोरीको जाली बनाएका छन्। पाँच फिट उचाइको यो प्रविधि शिवसताक्षी नगरमा नौलो भएको कृषि शाखाले बताएको छ। शिवसताक्षीका पौरखी प्रसाईले वैदेशिक रोजगारबाट फर्किएपछि तकारी खेती शुरु गरेका हुन्। १० वर्ष जति विदेशमा श्रम गरेर स्वदेश फर्किएका प्रसाईले विदेशमा गुमाएको समयलाई स्वदेशमै उपभोग गरेको भए परिवारको आर्थिक अवस्था निक्कै सुधिने बताए।

परिवारको घर खर्चसँगै दुई छोराको विद्यालयको खर्च तरकारी खेतीबाट हुने आम्दानीबाट चल्ने गरेको उनी बताउँछन्। 'विदेश जाँदा, नानीहरुलाई पढाउँदा सात लाख बैंकबाट ऋण लिएको थिए। तरकारी खेतीबाट एकै वर्षमा बैंकको ऋण तिरें' -उनले भने। उत्पादित तरकारी स्थानीय बजारमा सहजै बिक्री हुने गरेको छ। पहिला मौसमी तरकारी मात्रै उत्पादन गर्दा सोचे जस्तो आम्दानी हुने गरेको नभएको मौसमीसँगै बेमौसमी तरकारी खेतीलाई अगाडि बढाएपछि आम्दानी सोचेभन्दा बढी नै हुने गरेको उनले बताए। उनले उत्पादन गरेको तरकारी झापाका सुरुङ्गा, दूधे, झिलझिले, दमक लगायतका कृषि बजारमा पुग्ने गरेको छ।

उनको तरकारी खेती देखेर छिमेकीले पनि आउँदो वर्षदेखि धानखेत मासेर प्रसाईकै शैलीको तरकारीखेती गर्ने योजना बनाएका छन्। भारतीय तरकारीको आयात कम गर्न आन्तरिक उत्पादनलाई बढाउनुपर्ने किसानको सुझाव छ। यसका लागि किसानलाई आधुनिक तरिकाले खेती गर्नका लागि तालिमसँगै आधुनिक यन्त्र, उपकरण, बीऊबिजन, विषादी, मलखादका लागि अनुदानको व्यवस्था सरकारका तीनै तहले गर्नुपर्ने उनले बताए।

शिवसताक्षी नगरपालिका तरकारी खेतीका लागि उपयुक्त हावा, पानी र माटो भएको पालिका हो। नगरका प्रत्येक वडाले कृषि सम्बन्धी सम्भाव्यता अध्ययन गरी 'प्याकेज'का रूपमा कार्यक्रम सञ्चालन गर्न सकिने पालिका भएको वडाध्यक्ष मनोज खुलालले बताए। उनले किसानलाई राहत, अनुदान र प्रोत्साहनका कार्यक्रम सञ्चालन नगरले गर्ने हो भने परम्परागत धानखेती छोडेर आधुनिक तरकारी खेती तर्फ किसान आकर्षित हुने बताए। नगरका वडा नम्बर ३, ४, ५, ६ र ७ बाह्रैमास तरकारी खेती हुने क्षेत्र हुन्।

मेलाको खर्च सार्वजनिक

कमल, साउन ५। वृत्ति परामर्श तथा रोजगार मेला २०८० को आयव्यय सार्वजनिक गरिएको छ ।

कमल गाउँपालिकाको आयोजना तथा कमल उद्योग वाणिज्य संघको समन्वय र दिगो तथा सम्मानित रोजगारको लागि सीप परियोजना (हेल्भिटास)को प्राविधिक सहयोगमा सम्पन्न मेलाको खर्च विवरण सार्वजनिक गरिएको हो ।

कमल उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न कार्यक्रममा कमल गाउँपालिकाका उपाध्यक्ष प्रमिला तिवारी, ३ नम्वर वडासदस्य एङ्गल गुरुङ, टोल विकास संस्थाका प्रतिनिधी, शिक्षक, व्यवसायीको उपस्थितीमा खर्च विवरण सार्वजनिक गरिएको कमल उद्योग वाणिज्य संघका कोषाध्यक्ष भगिरथ रिजालले जानकारी दिए ।

'रोजगारीको अवसर र पहिचान, वेरोजगारी समस्याको समाधान'भन्ने नाराका साथ असार १६ गते कमल- ३ स्थित केर्खा खेल मैदानमा मेला सम्पन्न भएको थियो ।

मेलामा कमल गाउँपालिका तथा छिमेकी पालिकाबाट आएका उद्योगी, व्यसायी, सिप विकास सस्था, परामर्श केन्द्र, गरी २३ वटा स्टल रहेका थिए भने मेलामा दुई हजारभन्दा बढी अवलोकनकर्ताले अवलोकन गरेका थिए ।

कमल उद्योग वाणिज्य संघका अध्यक्ष विरेन्द्र अधिकारीको अध्यक्षता र कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपानेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमको सञ्चालन संघका महासचिव युवराज पाठकले गरेका थिए ।

दुर्घटनामा एक जनाको मृत्यु

पाँचथर, साउन ५। पाँचथरको फिदिममा मोटरसाइकल दुर्घटनामा परी एक कर्मचारीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा झापा बिर्तामोड नगरपालिका- ८ निवासी २४ वर्षीय युवराज अधिकारी रहेको प्रहरीले जनाएको छ । अधिकारी सवार प्रदेश ०१-०३-००१ ब ००१९ नम्बरको मोटरसाइकल फिदिम- २ ओदिन नजिकै मङ्गलवार बिहान दुर्घटनामा परेको थियो ।

मृतक प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय पाँचथरमा कार्यरत थिए । उनी चढेको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको हुन सक्ने जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

मोटरसाइकल सडकमै भेटिए पनि उनको शव भने करिब १० मिटर तल खसेको थियो । उनी सामदिनदेखि फिदिमतर्फ आउँदै गर्दा मोटरसाइकल दुर्घटनामा परेको जिल्ला ट्राफिक प्रहरी कार्यालय पाँचथरका प्रमुख कुलबहादुर बुढाथोकीले बताए ।

योग शिविर शुरु

चारआली, साउन ५। पातञ्जल योग जिल्ला समिति झापाको आयोजनामा पाँच दिवसीय योग शिविर शुरु भएको छ ।

भद्रपुर-१० स्थित दुर्गा पञ्चायत मन्दिर धनुषमोडमा शुरु भएको शिविरलाई झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखेलले उद्घाटन गर्दै पातञ्जल योग समितिको झापा जिल्लाको गतिशिलता प्रभावकारी रहेको बताउँदै हरेक व्यक्तिले स्वास्थ्यमा आत्मनिर्भर रहन योग नियमित रूपका गर्नुपर्ने बताए ।

नेपाली सैनिक क्याम्प, अरिदमन गण चारआलीका गणपति इमेज मेहर श्रेष्ठ लगायतको सहभागिता रहेको थियो । शिविरको उद्घाटन कार्यक्रमका सभापति पातञ्जल योग जिल्ला समिति झापाका अध्यक्ष श्याम ल्वागुन गरेका थिए ।

जिल्ला आयुर्वेद अस्पताल भद्रपुरका प्रमुख डा. अनिल यादव, पातञ्जल कोशी प्रदेश अध्यक्ष केशव ताम्रकार, नेपाल-भारतमैत्री समाजको केन्द्रीय सदस्य ज्योती न्यौपाने, दुर्गा पञ्चायन मन्दिर समितिका सचिव शालीग्राम नेपाल लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रमको औचित्यमाथि प्रकाश पातञ्जल योग जिल्ला समिति सचिव टेकेन्द्र ढकालले पारेका थिए ।

योग प्रशिक्षकद्वय कोपीला दाहाल र टीका पौडेलको सहजीकरण रहेको कार्यक्रममा मातृ भजन समूहकी अध्यक्ष पद्मा चापागाईसहित ५० भन्दा बढी महिला र १५ जना पुरुषको शिविरमा सहभागिता रहेको थियो ।

रन्जिताको 'धोका भयो'

इटहरी निवासी रन्जिता प्रसाईंको स्वरमा रहेको 'धोका भयो' आधुनिक गीत सार्वजनिक भएको छ । सुवास कार्कीको शब्द रचनामा गीत तयार गरिएको हो ।

विशाल निरौलाको एरेन्ज तथा मिक्सिङ, मास्टरिङ रहेको गीतलाई थ्री एस स्टुडियो काठमाडौंमा रेकर्डिङ गरिएको हो । गीतलाई गायिका प्रसाईंको युट्युब च्यानल मार्फत हेर्न सकिन्छ । शुरूमा अडियो निकाल्ने र केही समयपछि यसको भिडियो निकाल्ने सोच रहेको गायिका प्रसाईंले बताइन् ।

गीतमा धोका पाएपछिको वेदना पोखिएको र अहिलेका युवा पुस्तालाई लक्षित गरिएको बताइएको छ ।

प्रेम र विछोडलाई भावनात्मकरूपमा चित्रण गरेर गीतमा प्रस्तुत गरिएको छ । गीतमा मिलन र बिछोडमा हुने मानवीय क्रियाकलापलाई उजागर गरिएको छ । माया प्रेममा परेका प्रेमिल जोडीहरू विछोडिँदा अप्रिय घटनाहरू भइरहेका भावनाहरू गीतमा पोखिएको छ ।

स्यान्डिकुमार पन्डीतको छायांकन, एसडी हाउसको सम्पादन तथा सुवास साहको गीतमा निर्देशन छ । गीतमा गायिका प्रसाईंसहित उनका प्रेमीका रूपमा कलाकार समीप निरौलाले अभिनय गरेका छन् ।

जामुनाबारी सामुदायिक वन उपभोक्ता समूह, कनकाई नगरपालिका- १ र २

माछा पोखरी ठेक्काको लागि दरभाउ पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०९

जामुनाबारी सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्रभित्र रहेको करिब ७ हेक्टर क्षेत्रफलमा फैलिएको जामुनखाडी ठूलो पोखरी (एउटा)मा माछापालन गरी आयआर्जनका लागि ठेक्का बन्दोबस्त गर्न तपसिलका शर्त मञ्जुर गरी प्रतिष्पर्धामा भाग लिन इच्छुक व्यक्ति वा फर्म तथा अन्य सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू :

१. पोखरी ठेक्कामा लिन इच्छुक व्यक्ति वा फर्मले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (२०८० साल साउन १५ अपरान्ह ४:०० बजेसम्म) दरभाउपत्र भरी तोकिएको न्यूनतम रकमबाट नघटाई गोप्य दरभाउपत्र बुझाउनुपर्नेछ ।
२. माछापालन प्रयोजनका लागि पोखरी ठेक्काका निम्ति वार्षिक न्यूनतम रु. २,५१,०००/- (दुई लाख एकाउन्न हजार रुपैयाँ) तोकिएको छ ।
३. माछापोखरी ५ वर्षका लागि ठेक्कामा लिनुपर्नेछ ।
४. तोकिएको म्यादभित्र प्राप्त दरभाउपत्र सरोकारवालाको उपस्थितिमा उपभोक्ता समितिको कार्यालयमा मिति २०८०/०४/१६ गते अपरान्ह १:०० बजे खोलिने छ । सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा फर्मलाई छनोट गरिनेछ र स्वीकृत गरिएको व्यक्ति वा संस्थाले ७ दिनभित्र कबोल गरेको १ वर्षको सम्पूर्ण रकम जामुनाबारी सामुदायिक वन उपभोक्ता समितिको बैंक खातामा जम्मा गर्नुपर्नेछ । त्यसपछि उक्त फर्म वा व्यक्तिलाई माछापोखरी सञ्चालनको इजाजत पत्र दिइनेछ ।
५. एक वर्षको समयावधि पूरा भएपछि दोस्रो वर्षको कबोल रकम बैंक खातामा जम्मा गरेपछि मात्र दोस्रो वर्षका लागि इजाजतपत्र नवीकरण गरिनेछ ।
६. पाँच वर्षको ठेक्का रकम एकमुष्ट बुझाएमा १०% छुट दिइनेछ ।
७. दरभाउपत्र जामुनाबारी सामुदायिक वन उपभोक्ता समितिको कार्यालयबाट रु. ५००/ (पाँच सय मात्र) तिरी खरिद गर्नुपर्नेछ ।
८. माछापोखरीको मौजुदा अवस्था बुझ्न पोखरी भएको स्थानको आफैं विस्तृत जानकारी लिन सकिनेछ ।

आवश्यक थप जानकारीका लागि सम्पर्क : ०२३-५५०४०७/९८५२६७७१२३

श्यामराज सिटौला : अध्यक्ष

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-

जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोटः आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

विशेष उपचार अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।

सम्पर्क :
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोनः ०२३-५३२३६६, ५९०१६६,
मोबाइल : ९८०६०००३१३

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्कनुहोस् ।
७ बार १२ महिना संचालनमा

चिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

सेफ्टी ट्यांकी बिक्रीमा

भ्याकुम सिस्टम भएको नयाँ सेफ्टी ट्यांकी गाडी बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला । पहाड तराई दुबै ठाउँ कुद्ने ।

मो. ९८१७९९७९७४

उच्च गुणस्तर सुलभ मूल्य

सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा न.पा.- ४ झापा

कर्मचारी आवश्यकता

यस अन्नपूर्ण बचत तथा ऋण सहकारी संस्थाको प्रधान कार्यालय बिर्तामोड-५, झापाका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

१) पद :
ग्राहक सेवा/Member Service :- १ जना (महिला)
योग्यता : स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, वित्तीय क्षेत्रमा कम्तीमा १ वर्षको अनुभव साथै कम्प्युटरमा दक्ष ।
तलब : संस्थाको नियम अनुसार हुनेछ
आवेदन शुल्क : ३००।-

२) पद :
टेलर/Cashier :- १ जना
योग्यता : स्नातक तह उत्तीर्ण वा अध्ययनरत्, वित्तीय क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव साथै कम्प्युटरमा दक्ष
तलब : संस्थाको नियम अनुसार हुनेछ
आवेदन शुल्क : ३००।-

३) पद :
बजार प्रतिनिधि :- २ जना (१+१) महिला/पुरुष (बिर्तामोड)
योग्यता : एसईई वा सो सरह, मोटरसाइकल चलाउन सक्ने
तलब : १३,५००।- + अन्य सुविधा
आवेदन शुल्क : २००।-
आवेदन भर्ने अन्तिम मिति :- २०८०/०४/१६ सम्म

अन्य जानकारीको लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला।

सम्पर्क : ०२३-५३३७२०, ९८०२३१३३३७
इमेल: *apsavingco@gmail.com*
फेसबुक पेज: Annapurna saving & credit Co-operative LTD, Birtamode-5, jhapa
फारम पाउने स्थान : संस्थाको कार्यालय बिर्तामोड-५, झापा
शाखा : अर्जुनधारा-३, खुदुनाबारी

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

THAKUR POLYCLINIC

ORTHOPEDIC SPINE AND ENDOSCOPIC SPINE SURGEON FROM
NEPAL MEDICITI HOSPITAL KATHMANDU

-MS ORTHOPEDICS SURGERY (KMC)
-FELLOWSHIP IN SPINE SURGERIES (INDIAN SPINAL INJURY CENTRE , NEW DELHI)
-ENDOSCOPIC SPINE SURGERIES (RAIPUR , INDIA)

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
> हात खुट्टाको हड्डी भाचिएको
> घुडा तथा अरू जोर्नीको दुखाइ
> ढाड तथा कम्मर दुख्ने
> हात खुट्टा दुख्ने र झम झमाउने
> गर्दन दुख्ने र हात झमझमाउने
> ढाडको हड्डी भाचिएको र नशा च्यापिएको

DR. JITENDRA THAKUR
NMC no : 9733

आउने समय
साउन १३ गते शनिबार, बिहान
९:00 बजेदेखि ५:00 बजेसम्म

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
(+977)023-590008
(+977)9817964771

Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
आज मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
तपाईको आज मन प्रशन्न रहने छ, धन तथा स्वास्थ्यमा लाभका साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
पराक्रम ब[illegible]नेछ, बिग्रन लागेको काम बनिनाले हौसला ब[illegible]ठूटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहने छ ।

सिंह (मा, [illegible] मे, मो, टा, टि, टु, टे) -
स्वास्थ्य प्र[illegible]बनेर गयो, अनावश्यक झमेलामा फसिने यो[illegible] छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला

कन्या (टो[illegible], पु, ष, ण, ठ, पे, पो) -
कार्यसिद्धी [illegible]न छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, [illegible] साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने [illegible]छ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्ने छन्, मन प्रशन्न रहला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
क्रोधलाई नियन्त्रणमा राख्नु होला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।